सूचना प्रविधिको आधारमा कम्प्युटर बिधि मार्फत संचालन गरिने प्रवेश परीक्षाका लागि

**प्रवेश-परीक्षाको मिति, समय र सिफ्ट :-**

| मिति | समय | विषय |
|---|---|---|
| २०७८ फाल्गुन ८ गते | **सिफ्ट :**<br>बिहानको सिफ्ट १०:०० बजे<br>दिउँसोको सिफ्ट ०४:०० बजे | गणित<br>भौतिकशास्त्र<br>रसायनशास्त्र<br>अंग्रेजी |
| २०७८ फाल्गुन ९ गते देखि २०७८ फाल्गुन २० गतेसम्म | **सिफ्ट :**<br>बिहान ०७:०० बजे<br>विहान १०:०० बजे<br>दिउँसोको १:०० बजे<br>दिउँसोको ४:०० बजे | |

**परीक्षार्थीहरु हरेक सिफ्टको परीक्षा शुरु हुनु भन्दा आधा घण्टा अगाडि अनिवार्य रुपमा परीक्षा स्थलमा उपस्थित भइसक्नु पर्नेछ।**

उपरोक्त तालिका अनुसार प्रवेश परीक्षामा सामेल भई इ.अ.सं. विद्या परिषदले तोकेको न्यूनतम उत्तीर्णाङ्क प्रतिशत र सोभन्दा बढी प्राप्ताङ्क भएकाहरूको योग्यताक्रम सूची entrance.ioe.edu.np मा प्रकाशन गरिनेछ।

क्याम्पस/कलेजहरुको भर्ना सम्बन्धी कार्यक्रम ई.अ.सं. एकीकृत भर्ना अनुगमन समितिले प्रकाशित गरे अनुसार हुनेछ। क्याम्पस/कलेजहरुको भर्ना सम्बन्धी जानकारी www.admission.ioe.edu.np मा हेर्न सकिनेछ।
कक्षा संञ्चालन इ.अ.सं. को शैक्षिक पात्रो अनुसार सञ्चालन हुनेछ।

**स्नातक बी.ई/बी.आर्क तहको कम्प्युटर बिधि मार्फत संचालन गरिने प्रवेश-परीक्षा सम्बन्धी विशेष सूचना:**

सूचना प्रविधिको आधारमा कम्प्युटर विधि मार्फत परीक्षा दिंदा निम्न बुंदाहरुमा ध्यान दिनुहोला:-

१. यो परीक्षाको समयावधि २ घण्टाको हुनेछ। यसमा एक अंकभारका ६० वटा र दुई अंकभारका ४० प्रश्नहरु गरी जम्मा १०० वटा प्रश्नहरु हुनेछन्। तदअनुसार प्रवेश परीक्षाको कुल पूर्णाङ्क १४० हुनेछ। **गलत उत्तरको लागि १०% अंक घटाइनेछ।**

२. कम्प्युटरको Monitor मा प्रत्येक प्रश्न संगै उक्त प्रश्नको ४ संभाबित उत्तरहरु (Options) दिइएको हुनेछ।

३. परीक्षार्थीले प्रत्येक प्रश्नको ठीक उत्तरमा कम्प्युटर Mouse को सहायताले Click गर्नुपर्नेछ। Keyboard प्रयोग गर्न भने पाइने छैन।

४. एक पटक कुनै Option मा Click गरेपछि अर्को Option Change गर्न पाइनेछ, तर त्यसपछि चार मध्ये कुनै एउटा Option रोज्नै पर्ने हुन्छ। यदि कुनै प्रश्नको उत्तर नदिएर त्यो प्रश्न खालि छाड्ने हो भने शुरुमै दिइएको चार Option मध्ये कुनै पनि Option मा Click नगर्नु पर्ने हुन्छ।